# स्थानीय राजपत्र

## बेलडाँडी गाउँपालिका बेलडाँडी,कञ्चनपुर

खण्डः८ संख्याः१९ प्रमाणिकरण मितिः२०८२/०४/०७ प्रकाशन मितिः२०८२/०४/०७


## कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०३/३२

# बेलडाँडी गाउँपालिका
# सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा व्यवस्थापन सम्बन्धी
# कार्यविधि, २०८२

प्रस्तावना : स्थानीय तहलाइ प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि बेलडाँडी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा तहगत र विषयगत शिक्षक अभावका कारण विद्यालयको नियमित पठनपाठन कार्यमा उत्पन्न समस्यालाई न्युनीकरण गरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बेलडाँडी गाँउ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " **सामुदायिक विद्यालयमा निः शुल्क शिक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि बेलडाँडी गाउँ कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले बेलडाँडी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले बेलडाँडी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेलडाँडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

ङ) "विद्यालय" भन्नाले बेलडाँडी गाउँपालिका क्षेत्रभित्र सञ्चालित भइ शिक्षक कोटा प्राप्त गरेको सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(च) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, संघीय सरकारले उपलब्ध गराएको शिक्षण सिकाइ अनुदान कोटा र गाउँपालिका अनुदान शिक्षकलाई समेत सम्झनु पर्दछ ।

छ) "न्यून दरबन्दी" भन्नाले शिक्षा नियमावली, २०५९ ले तोके भन्दा कम दरबन्दी रहेको अवस्थालाइ सम्झनुपर्दछ ।

ज) "निजी स्रोत शिक्षक" भन्नाले विद्यालयले आफ्नै स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त गरेका शिक्षक सम्झनु पर्दछ ।

झ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयले आफ्नै स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त गरेका कार्यालय सहयोगी, सहायक लेखापाल, चौकीदार, लाइब्रेरियन, कुचिकार, कम्प्युटर अपरेटर आदिलाइ सम्झनु पर्दछ।

## परिच्छेद- दुई

## शिक्षक व्यवस्थापनका मापदण्ड, कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

३.(१) गाउँपालिकाद्वारा थप शिक्षक वितरण गर्दा देहायका मापदण्डहरु अबलम्वन गरिने छ :

क) गाउँपालिका भित्र आधारभूत तह कक्षा १-३ र कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयहरुमा मौजुदा स्वीकृत र राहत शिक्षक दरबन्दीले अपूग हुने भएमा मात्र गाउँपालिकाबाट थप शिक्षकको व्यवस्था गरिने छ ।गाउँपालिकाबाट थप शिक्षकको व्यवस्था गर्न आधारभूत तह कक्षा १-५ को शिक्षक विद्यार्थी अनुपातको विश्लेष्ण गरिने छ ।शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्दा सामुदायिक विद्यालयको कक्षा १-३ र कक्षा १-५ सञ्चालित विद्यालयमा शिक्षक दरवन्दी न्युन देखिएमा शिक्षक दरवन्दीको समानुपातिक वितरण गर्न विद्यालय समायोजन तथा दरबन्दी मिलान गरी दरबन्दी पुनर्वितरण हुने व्यवस्था मिलाइनेछ ।

ख) आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ मा विषयगत रूपमा न्युन दरबन्दी भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि

अर्को व्यवस्था नभए सम्मका लागि गाउँपालिकाबाट थप शिक्षक उपलब्ध गराउन सकिनेछ । आधारभूत तह कक्षा १ देखि ८ सञ्चालित विद्यालयमा कक्षा ६-८ मा शिक्षक दरवन्दी यकिन गर्दा तपसिल बमोजिम हुने व्यवस्था मिलाइनेछ ।

तपसिल :

<table>
<tr><td rowspan="2">विद्यार्थी संख्या</td><td>विद्यालयमा रहने न्यूनतम् शिक्षक दरवन्दी संख्या</td><td>कैफियत</td></tr>
<tr><td>४ जना</td><td rowspan="2">आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयहरूमा<br>अधिकतम शिक्षक दरवन्दी संख्या ६ (छ) जना रहने छन ।</td></tr>
<tr><td>प्रतिकक्षा ४०% अर्थात ७१<br>जना भन्दा बढी विद्यार्थी भएमा,</td><td>प्रतिकक्षा १ दरवन्दी थप हुने</td></tr>
</table>

ग) माध्यमिक तह कक्षा १ देखि कक्षा १० अथवा कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कक्षा ९-१० मा विषयगत रूपमा न्युन दरबन्दी भएका सामुदायिक विद्यालयमा कक्षा ९-१० का लागि अर्को व्यवस्था नभए सम्मका लागि तपसिल बमोजिम गाउँपालिकाबाट थप शिक्षक उपलब्ध गराउन सकिनेछ ।

तपसिल

| विद्यार्थी संख्या | विद्यालयमा रहने न्यूनतम् शिक्षक दरवन्दी संख्या | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| | ५ जना | माध्यमिक तह कक्षा ९-१० सञ्चालित विद्यालयहरूमा अधिकतम शिक्षक दरवन्दी संख्या ७ ( सात) जना रहनेछन् |
| प्रतिकक्षा ७१ जना वा ४०% भन्दा बढी भएमा | प्रतिकक्षा १ दरवन्दी थप हुने | |

घ) दफा ३ को उपदफा (१) को (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कक्षागत विद्यार्थी संख्या विश्लेषण गर्दा तल्ला कक्षाहरुको विद्यार्थी संख्या पनि विश्लेषण गरिने छ ।

४. शिक्षक कोटा निर्धारण गर्नु पर्ने : (१) गाउँ शिक्षा समितिले पदपूर्तिका लागि विद्यालयगतरुपमा आवश्यक शिक्षकहरुको कोटा निर्धारण गर्नु पर्ने छ । बेलडाँडी गाउँ शिक्षा समितिले तपशिलका आधारमा शिक्षक कोटा निर्धारण गर्ने छ ।

क) प्राथमिक तहको हकमा यस कार्यविधिको दफा ३ को उपदफा १ (क) बमोजिम

ख) निम्न माध्यमिक र माध्यमिक तहमा मौजुदा विषयगत शिक्षक र यस कार्यविधिको दफा ३ को उपदफा १ को (ख) र (ग) बमोजिम

ग) शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) २०८२ बमोजिमको विद्यार्थी सङ्ख्या

घ) सामुदायिक विद्यालयले आवश्यक शिक्षक माग गरेको पत्र

(२) गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले शिक्षकको आवश्यक कोटा स्वीकृत गर्ने छ ।

५. यस कार्यविधि बमोजिम एक पटक शिक्षक दरबन्दी पाइसकेका विद्यालयहरुलाइ साबिकको शिक्षक सङ्ख्या घटबढ भएमा, विद्यार्थी संख्या घटबढ भएको अवस्थामा गाउँपालिकाबाट प्रदान गरिएको शिक्षक कोटा कार्यपालिकाले थपघट गर्न सक्ने छ ।

## परिच्छेद- तीन

## शिक्षकको विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

६. गाउँपालिकाले देहायको प्रक्रियाका आधारमा शिक्षकको विज्ञापन गर्नु पर्नेछ ।

१) कार्यपालिकाले स्वीकृत गरेका विद्यालयको तहगतरुपमा आवश्यक हुने शिक्षक दरवन्दीको जानकारी विद्यालयलाइ गराउने र विद्यालयले तहगत र विषयगत शिक्षक एकिन गरि विज्ञापनका लागि गाउँपालिकामा पठाउने ।विद्यालयले विषयगत शिक्षक एकिन गर्दा अनिवार्य विषयलाइ प्राथमिकता दिनुपर्ने छ ।

(२) पहिलो पटकका लागि गाउँपालिकाले योग्यता पुगेका निजी स्रोतमा कार्यरत शिक्षकहरु मध्येबाट आन्तरिक प्रतियोगिताबाट मात्र १५ दिनको विज्ञापन गरी पदपुर्ति गर्ने व्यवस्था मिलाउने ।

(३) यस कार्यविधि बमोजिम आन्तरिक शिक्षक छनौट प्रतियोगितामा सहभागी हुन सामुदायिक विद्यालयको निजी स्रोत शिक्षकमा नियुक्त भइ अविच्छिन्नरुपमा २०८१ चैत्र मसान्त सम्म कार्यरत रहेको हुनुपर्ने छ ।

(४) निजी स्रोत शिक्षकको हकमा शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिमको योग्यता अनिवार्य हुनेछ ।सम्बन्धित तहका लागि योग्यता नपुगेका उम्मेदवारहरु आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन पाउने छैनन ।

(५) तर यस कार्यविधि बमोजिम शिक्षक नियुक्त गर्दा यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा निजी स्रोतमा कार्यरत शिक्षकहरूका हकमा पहिलो गाउँपालिका स्तरीय आन्तरिक विज्ञापनका लागि निम्न माध्यमिक वा माध्यमिक तहमा सहभागी हुनका लागि उमेर हद लाग्ने छैन ।तर निजी स्रोतमा कार्यरत शिक्षकहरूले शिक्षक पदका लागि निवेदन पेश गर्दा कार्यरत विद्यालयबाट सेवा प्रमाणित गरेको पत्र र नियुक्ति पत्र अनिर्वायरुपमा पेश गर्नुपर्नेछ ।

(६) निजी शिक्षक व्यवस्थापनका लागि हुने पहिलो पटकको आन्तरिक परीक्षामा सहभागी हुन नचाहने निजी शिक्षकलाइ गोल्डन ह्यान्डसेक प्रदान गरिने छ । शिक्षक बाहेकका अन्य कर्मचारीहरुको लागि पनि गोल्डन ह्यान्डसेकको व्यवस्था गरिने छ । यस कार्यविधि बमोजिम गोल्डन ह्यान्डसेक पाउन शिक्षक तथा कर्मचारी सामुदायिक विद्यालयमा नियुक्त भइ अविच्छिन्नरुपमा २०८१ चैत्र मसान्त सम्म विद्यालयमा कार्यरत रहेको र यस कार्यालयले प्रकाशन गरेको सूचना बमोजिम निवेदन दिएको हुनुपर्ने छ ।यस्तो सेवा सुविधा बेलडाँडी गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(७) आन्तरिक विज्ञापनबाट आवश्यक सङ्ख्यामा शिक्षकको दरवन्दी पदपुर्ति हुन नसकेमा गाँउपालिकाले प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम १५ दिनको खुला विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ ।

(८) गाँउपालिकाले शिक्षक पदपूर्ति गरिसके पश्चात विविध कारणले शिक्षकको पद रिक्त हुन गएमा सम्बन्धित विद्यालयले शिक्षक भर्नाका लागि गाउँपालिकासंग अनुमति माग गरी प्रचलित शिक्षा ऐन, नियमावलीमा भएको व्यवस्था बमोजिम खुला विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनु पर्ने छ ।

(९) शिक्षक व्यवस्थापनका लागि अनुमति प्राप्त सामुदायिक विद्यालयले शिक्षक पदपूर्ति गर्दा सम्बन्धित तहका लागि अनिवार्य विषयलाइ मुख्य प्राथमिकता दिनुपर्नेछ । अन्य विषयको शिक्षक पदपूर्ति गर्नुपर्ने भएमा शिक्षा नियमावली, २०५९ को अनुसूची १२ मा विद्यालयमा रहने शिक्षक दरवन्दीको प्राथमिकता सम्बन्धी व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिका समक्ष अनुमतिका लागि निवेदन पेश गर्नुपर्नेछ । यसरी प्राप्त निवेदन अध्ययन गर्दा अनिवार्य विषय बाहेक अन्य विषयको शिक्षक पदपूर्तिका लागि अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

(१०) खुला विज्ञापनको हकमा उमेर हद शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम हुनेछ ।

(११) आन्तरिक एवं खुला परीक्षाको पाठ्यक्रम र परीक्षा प्रणाली शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम हुनेछ ।

७. (१) यस कार्यविधि बमोजिम गाँउपालिकाले आन्तरिक र खुला प्रतियोगिताबाट शिक्षक छनौट गर्न तपसिल बमोजिमको गाँउपालिकास्तरीय शिक्षक छनौट समिति रहनेछ ।

(क) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख : संयोजक

ख) शिक्षा, युवा तथा खेलकुद शाखाको कर्मचारी: सदस्य

(ग) प्रशासन शाखा प्रमुख : सदस्य-सचिव

२) गाउँपालिका स्तरीय शिक्षक छनौट समितिले गाउँपालिकास्तरीय आन्तरिक र खुला प्रतियोगिताको प्रश्न पत्र निमार्णका लागि उपलब्ध भएसम्म एकजना महिला गरी प्रति विषय कम्तीमा दुई जना र मोडरेशनका लागि प्रति विषय एक जना विषय विज्ञहरु छनौट गर्नु पर्ने छ ।

(३) गाउँपालिकास्तरीय शिक्षक छनौट समितिका पदाधिकारीहरु तथा आमन्त्रित सदस्यहरुले बैठकमा भाग लिए वाफत नियमानुसारको बैठक भत्ता पाउने छन ।

(४) समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) गाउँपालिकाले शिक्षक पदपूर्ति गरिसके पश्चात रिक्त शिक्षक पदपूर्तिका लागि विद्यालयबाट हुने विज्ञापनका लागि शिक्षक छनौट समिति प्रचलित शिक्षा ऐन, नियमावली बमोजिम हुनेछ ।यसरी परीक्षा सञ्चालनमा लाग्ने सम्पूर्ण खर्च विद्यालय स्वयंले नै व्यहोर्नु पर्नेछ ।

८. गाउँपालिकास्तरीय शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम गाँउ शिक्षक छनौटका लागि लिखित परीक्षा तथा अन्तर्वार्ता सञ्चालन गर्ने ।

(२) लिखित परीक्षामा उत्तीर्ण भइ अन्तर्वार्तामा सहभागी उम्मेदवारहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कको आधारमा सफल उम्मेदवार छनौट गरी कोटा रहेको विद्यालयमा नियुक्तिका लागि सिफारिस गर्ने ।

३) शिक्षक छनौट परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने।

९. शिक्षकको नियुक्ति सम्बन्धी व्यवस्था : (१) आन्तरिक वा खुला प्रतियोगिताबाट छनौट भइ गाउँपालिका स्तरीय शिक्षक छनौट समितिबाट सिफारिस भएका शिक्षकलाई सम्बन्धित विद्यालय

व्यवस्थापन समितिले करार सम्झौता गरी नियुक्त गर्नु पर्ने छ। करार अवधि एक शैक्षिक वर्षको हुनेछ ।

(२) वैकल्पिक उम्मेदवारको नियुक्ति प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

(३) विद्यालयमा आगामी वर्षका लागि शिक्षक व्यवस्थापन अनुदान वापतको बजेट सुनिश्चित भएको अवस्थामा मात्र विद्यालयले यसै कार्यविधि अनुसार सेवा करारमा लिएको व्यक्तिको कार्यसम्पादन र व्यवस्थापन समितिको सिफारिसका आधारमा प्राथमिकता दिइ पुनः सेवा करार थप गर्न सक्नेछ ।

## परिच्छेद - चार

## शिक्षकको सेवाशर्त र सुविधा सम्बन्धी व्यवस्था

१०. शिक्षकको मासिक तलब भत्ता तथा अन्य सुविधा :

(१) यस कार्यविधि बमोजिम नियुक्त शिक्षकको मासिक तलब भत्ता, चाडपर्व खर्च, पोशाक भत्ता वा अन्य सुविधा बेलडाँडी गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।तर पहिलो पटक कार्यपालिकाले शिक्षक मासिक तलब, चाडपर्व खर्च, पोशाक तथा अन्य सुविधा २०८२ श्रावण महिना देखि लागू हुने गरी तोक्नु पर्ने छ ।

(२) शिक्षकको मासिक तलब भत्ता विद्यालयबाट पेश हुने माग फाराम तथा हाजिरीका आधारमा निकासा गरिने छ । सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खाता मार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्ने छ ।

११. शिक्षकको विदा तथा काज सम्बन्धी व्यवस्था : (१) यस कार्यविधि बमोजिम नियुक्त शिक्षकले प्रचलित कानून बमोजिम विदा तथा काजको सुविधा पाउने छ ।तर प्रचलित कानून बमोजिमका अध्ययन विदा र असाधारण विदा पाउने छैन तथा सञ्चित विरामी विदा वापतको रकम उपलब्ध हुने छैन ।

१२. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था : (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षकहरुलाइ विषय र तह मिल्ने भएमा आवश्यकता अनुसार सरुवा गर्न सक्ने छ ।

१३. शिक्षकको आचार संहिता र सजाय सम्बन्धी व्यवस्था : यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षकको आचार संहिता र सजाय प्रचलित कानून बमोजिम हुने छ ।

## परिच्छेद -पाँच

## विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्था

१३. यस कार्यविधिको प्रावधान लागू भए पश्चात माध्यमिक तहको कक्षा १० सम्म निशुल्क शिक्षा कार्यान्वयनका लागि सामुदायिक विद्यालयहरुको सञ्चालन र व्यवस्थापनका लागि गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाइ विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराउने छ ।

१४. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान बेलडाँडी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - छ

## विविध

१५. थप शिक्षक, कर्मचारी भर्ना गरेमा : (१) यस कार्यविधि बमोजिम शिक्षक नियुक्त भइसके पश्चात विद्यालयले निजी स्रोतमा शिक्षक वा अन्य कर्मचारी भर्ना गरेमा पालिकाले कुनै व्ययभार लिने छैन ।

१६. बचाव र लागू हुने: (१) यो कार्यविधि जारी हुनु भन्दा अघिका आर्थिक वर्षहरुमा बार्षिक नीति तथा कार्यक्रममा बजेट विनियोजन भइ निजि स्रोत शिक्षकहरुका लागि विद्यालयमा निकासा भएको रकम यसै कार्यर्विधि बमोजिम भएको मानिने छ ।

(२) यस कार्यविधिमा उल्लिखित कुराहरू यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

१७. बाँझिएमा अमान्य हुने :(१)यस कार्यविधिका कुनै व्यवस्था प्रचलित कानूनसंग बाझिएमा बाँझिएको हदसम्म अमान्य हुने छन ।

१८. बाधा अड्काउ फुकाउने अधिकार : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्ने छ ।

१९. संशोधन र खारेजी :(१) यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ ।

आज्ञाले,
बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत